# प्रेस विज्ञप्ति

प्रमुख तीन राजनितीक दलले भारतीय प्रधानमन्त्री महामहिम नरेन्द्र मोदीको आसन्न नेपाल भ्रमणको बेला विद्युत व्यापार सम्झौता (पीटीए) गर्ने सहमति गर्नुको साथै कार्यदल गठन गरेकोमा स्वतन्त्र उर्जा उत्पादक संस्था (इपान) हार्दिक स्वागत गर्दछ ।

- जलविद्युतमा मात्रै आधारित नेपालको विद्युत प्रणालीलाई सन्तुलन गर्नको लागि तापिय उर्जामा आधारित प्रणालीसंग जोडेमा मात्र विद्युतको उचित उपयोग हुन सक्छ भन्ने तथ्य एकातिर छ भने हाल निर्माणधिन आयोजनाहरु सन् २०१६ सम्म विद्युत प्रणालीमा जोडिएमा बर्षा यामको उत्पादनको वजार व्यवस्थापन गर्नु त्यत्तिकै अपरिहार्य छ ।
- देशको द्रुत विकासको लागि साना एवं ठूला गरी थुप्रै आयोजनाहरु निर्माण गर्नुपर्ने हुन्छ तर यी आयोजनाहरुवाट उत्पादित सवै विद्युत हाल आन्तरिक प्रणालीमा खपत नहुने हुँदा उत्पादित विद्युत निर्यातको सुनिश्चिततताको लागि विद्युत व्यापार सम्झौता नेपालको लागि अति नै आवश्यक एवं महत्वपूर्ण छ । यसप्रकार यी आयोजनाहरुवाट निर्यात विद्युतले व्यापार घाटा कम गर्न सहयोग गर्दछ भने दिर्घकालीन रुपमा नेपालको औद्योगिक विकासमा समेत सहयोग गर्छ ।

सन् १९७१ देखि नेपाल र भारत विच १४ स्थानवाट उर्जा आदान-प्रदान भइरहेको छ । तर यस्तो उर्जा आदान-प्रदान न्यून भोल्टेज र सानो परिमाणमा भइरहेको छ । हाल नेपालले विभिन्न स्थानवाट गरि १५० मेगावाट सम्म आयात गर्दछ भने एक स्थान वाट २५ मेगावाट सम्म निर्यात गर्दछ । ४०० के.भी. को अन्तरदेशीय प्रशारण लाइन निर्माणाधीन रहेको र अर्को अन्तरदेशीय प्रशारण लाइनको अध्ययन भइरहेको परिप्रेक्षमा उर्जा व्यापार सम्झौता मार्फत दुई देश वीचको उर्जा व्यापारलाई औपचारिकता दिनु ढिला भइसकेको छ ।

त्यसकारण भारत संग हुन गइरहेको विद्युत व्यापार सम्झौता हाल विभिन्न भोल्टेज तथा विभिन्न क्षेत्रमा जोडिएका प्रसारण लाइन र निर्माणाधीन अन्तरदेशीय प्रसारण लाइन वाट हुने विद्युतको आदान-प्रदान गर्ने सिमित सम्झौतालाई इंगीत गर्दछ र यसले पानीको बाँडफाँड तथा अन्य उर्जा विकासका दुई देश विचको सहकार्यलाई समेट्दैन ।

तीन प्रमुख राजनितीक दलले गठन गरेको कार्यदलले विद्युत व्यापार सम्झौतामा निम्न लिखित बुँदाहरुलाई आफ्ना सुझाव प्रतिवेदनमा समावेश गर्न स्वतन्त्र उर्जा उत्पादक संघ अनुरोध गर्दछ ।

क) नेपालमा उत्पादीत विद्युतले भारतीय वजारमा खुल्ला तथा भेदभावरहीत (Open and Non-Discriminatory access) पाउनु पर्ने एवं भारतमा रहेका विद्युत एक्चेन्ज (Electricity Exchange) मा पनि सहभागी हुन पाउने ।

ख) नेपालको जलविद्युत उत्पादनमा भारत सरकार, भारतीय कम्पनीका साथै तेस्रो मुलुकको लगानीकर्ता कसैले पनि नेपालमा उत्पादन गरेको विजुली निर्वाध रुपमा भारतीय वजारमा निर्यात गर्न पाउने ।

ग) नेपालबाट निर्यात हुने विद्युतमा कुनै पनि प्रकारको महसूल, शुल्क, कर, कोटा, तथा इजाजत पत्र नलगाइने ।

घ) नेपालबाट निर्यात हुने विद्युत निकासिको लागि कुनै एक मात्र नोडल एजेन्सी (Nodal Agency) नियुक्त गर्न नहुने अथवा प्रतिश्पर्धात्मक तवरले नोडल एजेन्सी (Nodal Agency) को छनोट गर्न पाइने ।

ङ) विद्युतको मुल्य वजारमुल्यमा आधारित रहने ।

च) भारत भएर तेस्रो मुलुक समेत विद्युत निकासी गर्न पाउनु पर्ने ।

छ) अन्तरदेशीय प्रशारण लाइनको संयुक्त रुपमा दुवै पक्षबाट निर्माण गर्नु पर्ने ।

ज) भविष्यमा दुई देश विचको व्यापार सम्झौतालाई संस्थागत रुप दिन एवं नियमन गर्न दुवै देश सम्मीलित एक नियमनकारी संस्थको गठन गर्ने ।

देशको आवश्यकतालाई ध्यानमा राख्दै माथि उल्लेखित बुँदाहरुलाई समेटी दुवै पक्षलाई मान्य हुने गरी भारतीय प्रधानमन्त्री महामहिम नरेन्द्र मोदीको आसन्न नेपाल भ्रमण भित्रै विद्युत व्यापार सम्झौता सम्पन्न गर्न यस स्वतन्त्र उर्जा उत्पादकहरुको संस्थाले नेपाल सरकार तथा तथा कार्यदलमा सम्मीलित सदस्य एवं राजनितीक दलहरुलाई हार्दिक अपिल गर्दछ ।

**स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (IPPAN)**